प्र.जि.अ.का.झापा द.नं. २६/०३९/४०
हु.जि.द.नं. : ९७/०८०/०८१

# जनज्योति
साप्ताहिक
Janajyoti Weekly

■ वर्ष: ४५ ■ अंक : २० ■ २०८३ भदौ २१ गते आइतबार ■ Sunday, 6 Sept. 2026 ■ मूल्य रू. ७।-

**बाल अधिकारको संरक्षण गरौं**

- बालबालिकाको अधिकारको सम्मान गरौं,
- बालश्रम, बालविवाह, बालहिंसा तथा सबै प्रकारका शोषणको अन्त्य गरौं,
- बालबालिकालाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र पोषण सुनिश्चित गरौं,
- बालमैत्री, सुरक्षित र भेदभावरहित वातावरण निर्माण गरौं,
- बालबालिकाको विचार र सहभागितालाई उचित सम्मान गरौं,
- बालबालिकालाई अनलाइन तथा साइबर जोखिमबाट सुरक्षित राखौं,
- परिवार, विद्यालय र समुदाय मिलेर बाल अधिकारको संरक्षणमा सक्रिय बनौं,

*समुन्नत राष्ट्र निर्माणका लागि बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## दमकमा भव्य रथयात्रा : सद्भाव र एकताको सन्देश

खगेन्द्र कार्की



दमक/ धार्मिक आस्था, सामाजिक सद्भाव र एकताको सन्देश बोकेको भव्य रथयात्रा झापाको दमकमा सम्पन्न भएको छ। विभिन्न धर्मावलम्बी, जातजाति, समुदाय, सामाजिक संघसंस्था, राजनीतिक दल, व्यवसायी, युवा तथा सर्वसाधारणको उल्लेख्य सहभागितामा निकालिएको रथयात्राले दमकलाई धार्मिक तथा सामाजिक सहिष्णुताको साझा थलोका रूपमा प्रस्तुत गरेको छ।

यस वर्षको रथयात्राले मुख्यत: सामाजिक सद्भाव र एकता तथा प्राकृतिक विपत्तिमा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली र पीडितप्रति ऐक्यबद्धता गरी दुई महत्वपूर्ण सन्देश प्रवाह गरेको छ।

रथयात्रा कुनै एक धर्म, जातजाति वा समुदायमा सीमित नभई दमकवासीको साझा उत्सव र अपनत्वको प्रतीकका रूपमा विकास हुँदै गएको आयोजकको भनाइ छ। विभिन्न धार्मिक आस्था र समुदायका मानिसहरू एउटै यात्रामा सहभागी भएर एकअर्काको संस्कृति, परम्परा र विश्वासको सम्मान गर्नुले सामाजिक एकताको सकारात्मक सन्देश दिएको छ।

रथयात्रा व्यवस्थापन समितिका अनुसार प्रणामी, कबिर, नेपाल मानव धर्म सेवा समिति, किराँत धर्म साहित्य उत्थान, मारवाडी सेवा समिति, इस्कोनलगायत विभिन्न धार्मिक संस्थाका साथै सामाजिक संघसंस्था, राजनीतिक संघसंगठन, खेलकुद संस्था, व्यापारी तथा व्यवसायीका संघसंस्थाले सुरुदेखि नै रथयात्रालाई साझा कार्यक्रमका रूपमा अपनत्व दिँदै आएका छन्।


यसले रथयात्रा कुनै एक समुदायको मात्र नभई दमक नगरवासीको साझा 'गहना' र सामूहिक पहिचानको प्रतीक भएको सन्देश दिएको छ। धार्मिक तथा सांस्कृतिक विविधताबीच आपसी सम्मान, भाइचारा र सहअस्तित्व कायम गर्दै अघि बढ्नु नै रथयात्राको मूल भावना रहेको आयोजकको भनाइ छ।

यस वर्षको रथयात्राको अर्को महत्वपूर्ण पक्ष मानवीय संवेदनासँग जोडिएको थियो। रसुवाको भोटेकोशी क्षेत्रमा गएको भीषण बाढीका कारण ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै विपत्तिमा परेका परिवार तथा प्रभावित नागरिकप्रति ऐक्यबद्धता जनाइएको थियो।

बाढीबाट प्रभावितहरूको उपचार, बेपत्ताको खोजी, राहत तथा पुनर्स्थापनाका लागि रथयात्राका क्रममा संकलन हुने भेटी प्रधानमन्त्री राहत कोषमा जम्मा गर्ने उद्देश्य राखिएको छ। जुन उद्देश्यका लागि रथयात्राका क्रममा बीच बीचमा आधादर्जन बढी दानपेटिमा सहयोग जुटाउन युवा सक्रिय देखिन्थे। साथै क्युआर कोडमार्फत् समेत सहयोग संकलन गरिएका दृश्य देखिन्थे।

यसरी धार्मिक परम्परा र आस्थालाई निरन्तरता दिँदै रथयात्रालाई मानवीय सेवासँग जोडिएको हो। विपत्तिमा परेका नागरिकप्रति सहयोग र सहानुभूति प्रकट गर्दै रथयात्राले 'धर्म फरक हुन सक्छ, तर मानवता सबैको साझा हो' भन्ने सन्देशसमेत प्रवाह गरेको छ। रथयात्रामा विभिन्न जातजाति तथा समुदायका बाँकी 4 पेजमा ▸▸

## चिनियाँ नागरिक र एक महिलाको जिवितै उद्धार



दमक/ रसुवास्थित अपर त्रिशूली-१ जलविद्युत् आयोजनाको सुरुङबाट एक विदेशी नागरिकको उद्धार गरिएको छ। उद्धार गरिएका व्यक्ति चिनियाँ नागरिक रहेको नेपाली सेनाले जनाएको छ। नेपाली सेना र कोरियाको 'डिजास्टर' टोलीले सनिवार दिउँसो १:२० बजे आयोजनाको अडिट-४ टनेलबाट चिनियाँ नागरिकको उद्धार गरेको नेपाली सेनाले जनाएको छ। गत भदौ १० गते रसुवाको भोटेकोशी नदीमा गएको भीषण बाढीका कारण उक्त आयोजनामा ठूलो क्षति पुगेको थियो।

## प्रधानमन्त्री राहत कोषमा ११ अर्बभन्दा बढी संकलन

दमक/ रसुवाका बाढी प्रभावितका लागि आर्थिक सहयोग जुट्ने क्रम बढ्दै गएको छ। नेपाल सरकारको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा हाल ११ अर्ब पाँच करोड ५६ लाख २६ हजार ९७१ मौज्दात रहेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ। सरकारले यसअघि उक्त कोषमा जम्मा भएको एक अर्ब बाढीप्रभावित क्षेत्रका लागि निकासा गरिसकेको छ। नौ वटा वाणिज्य बैंकमा आठ अर्ब छ करोड २५ लाख १५ हजार ५१८ र हिमालयन बैंक र लक्ष्मी सनराइज बैंकमा रहेको डलर खातामा थप एक करोड ९८ लाख ३७ हजार ६९५ अमेरिकी डलर जम्मा भएको कार्यालयले जनाएको छ।

## अर्को हिमताल विस्फोटको हल्लामा नपर्न आग्रह

दमक/ नुवाकोट र रसुवा जिल्लामा हिमताल विस्फोट भई भोटेकोशी नदीमा पुन: ठूलो बाढी आउन सक्ने हल्ला फैलिएपछि बाढी पूर्वसूचना केन्द्रले तत्काल ठूलो बाढीको सम्भावना नरहेको स्पष्ट पारेको छ। विभिन्न माध्यमबाट हिमताल विस्फोट र बाढीको जोखिमबारे चासो राख्दै अत्यधिक सोधपुछ आएपछि जल तथा मौसम विज्ञान विभागअन्तर्गतको केन्द्रले शुक्रबार राति एक सूचना जारी गर्दै वास्तविकता सार्वजनिक गरेको हो। केन्द्रले चिनियाँ समकक्षी निकायसँग निरन्तर सम्पर्कमा रही प्राप्त सूचना र स्थितिबारे नियमित अनुगमन गरिरहेको जनाएको छ।

हालसम्म प्राप्त तथ्यांक एवं सूचनाका आधारमा तत्कालै ठूलो बाढी आउने कुनै सम्भावना नदेखिएकाले असम्पुष्ट र भ्रामक हल्लाको पछि नलाग्न तथा संयमित रहन सर्वसाधारणलाई आग्रह गरिएको छ।

## सुनसरीमा भन्सार छलीका सामान बरामद

इनरुवा/ सुनसरीको विभिन्न स्थानमा सीमामा कडाई गरेको भएपनि भन्सार छलीका किराना सामानहरू बरामद भएको छ।

जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी नायव उपरीक्षक चन्द्र बहादुर खड्काका अनुसार जिल्लाको कोशी गाउँपालिका वडा नं. २ काली मन्दिरस्थित भित्री सडक खण्डमा भन्सार छलीका किराना सामानहरू बरामद भएको हो।

जिल्ला प्रहरी कार्यालय सुनसरी र इलाका प्रहरी कार्यालय लौकहीबाट संयुक्त रूपमा खटिएको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा अवैध रूपमा भारतबाट नेपालतर्फ ल्याउँदै गरेको भन्सार छलीका समानहरू बरामद गरिएको खड्काले जानकारी दिए।

उनका अनुसार अन्दाजी एक लाख ६३० रुपियाँ बराबरको किराना सामानहरू नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय लौकहीमा ल्याई सुनसरी भन्सार कार्यालय सेतुबन्ध पठाउने तयारी भइरहेको छ।


## कुशको शवबाट दाहसंस्कार गरिएकी महिलाको जिवितै उद्धार



*दमक/ रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीले घर बगाएपछि परिवारले चण्डिका श्रेष्ठको माया मारिसकेका थिए। बाढी आएको आठ दिनसम्म अत्तोपत्तो नलागेपछि परिवारले कुशको शव बनाएर उनको काजकिरिया नै सुरु गरिसकेको थियो। तर, मृत्यु संस्कार चलिरहँदा बाढी आएको ११ औँ दिनमा ६४ वर्षीया चण्डिकालाई उद्धारकर्ताले जीवितै फेला पारेका छन्।*

*नुवाकोटको विदुर नगरपालिका(१० की श्रेष्ठलाई सशस्त्र प्रहरी बलका प्रहरी निरीक्षक सुमन विकको कमान्डमा खटिएको टोलीले उद्धार गरेको हो। बेत्रावती बजारस्थित आनन्द श्रेष्ठको घरबाट उनलाई अर्धअचेत अवस्थामा निकालिएको थियो। उद्धारपछि हेलिकप्टरमार्फत त्रिशूलीस्थित नेपाली सेनाको मैबल ब्यारेकमा प्रारम्भिक उपचार गरेर उनलाई अहिले काठमाडौँको छाउनीस्थित सैनिक अस्पतालमा पठाइएको छ। बाढीले चण्डिका र उनका श्रीमान् घरभित्रै रहेको बेला साढे चार तल्लाको घरलाई नै जुरुक्कै उचालेर लगेको थियो। उनका सम्धी रमेशमान श्रेष्ठका अनुसार बाढीले बगाएको घर त्रिशूलीको किनारमा पुगेर अड्किएको थियो।*

## रुद्राक्ष किसानको आम्दानीको बलियो स्रोत बन्दै



इलाम । परम्परागत अन्नबालीबाट अपेक्षित आम्दानी लिन कठिन भइरहेका बेला इलामको माङसेबुङका किसानले रुद्राक्ष खेतीलाई आम्दानीको वैकल्पिक स्रोत बनाएका छन्। माङसेबुङ गाउँपालिका-२ काब्राबोटेका किसान पृथीमान जवेगूले रुद्राक्ष खेतीबाट वार्षिक रु दुई लाखसम्म आम्दानी गर्दै आएका छन्। जवेगूले विसं २०७३ मा संखुवासभाको कुस्वाबेँसीबाट प्रतिगोटा रु २०० का दरले ३०० वटा बिरुवा ल्याएर १८ रोपनी जमिनमा रोपेका थिए। चार वर्षपछि उत्पादन सुरु भएको र विसं २०७७ देखि वार्षिक रु दुई लाख आम्दानी भइरहेको उनले बताए।

उनका अनुसार रुद्राक्ष खेतीमा सुरुआती लगानीपछि नियमित खर्च र श्रम कम लाग्छ। उत्पादन भएपछि संखुवासभाका व्यापारीले बोटमै ठेक्का सम्झौता गरी रुद्राक्ष खरिद गर्ने भएकाले बजारको समस्या पनि छैन।

'रुद्राक्ष बिक्रीका लागि बजार खोज्दै हिँड्नुपर्दैन, व्यापारी आफैँ आउँछन्,' जवेगूले भने।

रुद्राक्षका दाना धार्मिक तथा सांस्कृतिक प्रयोजनसँगै माला, गहना र विभिन्न सामग्री बनाउन प्रयोग हुने भएकाले यसको माग स्वदेश तथा विदेशमा रहेको व्यवसायी बताउँछन्। दानामा देखिने प्राकृतिक धर्साका आधारमा मुख निर्धारण हुने र मुखअनुसार मूल्य फरक पर्ने गर्दछ। गुणस्तरीय र दुर्लभ दानाले उच्च मूल्य पाउने भएकाले रुद्राक्ष खेतीबाट किसानले राम्रो आम्दानी लिन सक्ने जवेगूको अनुभव छ।

माङसेबुङमा जवेगूले व्यावसायिक खेती सुरु गरेपछि अन्य किसानले पनि परीक्षणका रूपमा रुद्राक्ष रोप्न थालेका छन्। गुणस्तरीय बिरुवा, प्राविधिक सहयोग र बजार व्यवस्थापनमा ध्यान दिन सके रुद्राक्ष खेतीलाई व्यावसायिक बनाउन सकिने उनको भनाइ छ।

## बाढी पीडितलाई सहयोग जारी

### रोटरी क्लब दमकको २ लाख बढी

दमक / रोटरी क्लब अफ दमकले भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित तथा पीडित परिवारको राहत तथा पुन:स्थापनाका लागि २ लाख ५ हजार १११ रुपैयाँ सहयोग गरेको छ।

क्लवका अध्यक्ष सागर श्रेष्ठले रोटरी डिष्ट्रिक्ट ३२९२ को निर्देशनअनुसार क्लबका सदस्यहरूबाट स्वेच्छिक रूपमा संकलन गरिएको रकमसहित क्लबको प्राकृतिक बिपद कोषमा रहेको रकम एक मुष्ठ जम्मा गरि डिष्ट्रिक्टको राहत कोषमा हस्तान्तरण गरिएको छ। डिष्ट्रिक्टमार्फत सो रकम विपद् प्रभावितको राहत तथा पुन:स्थापनाका लागि सम्बन्धित राहत कोषमा हस्तान्तरण गरिने जनाइएको छ।

बाढीका कारण प्रभावित परिवारको तत्कालीन राहत तथा आगामी पुन:स्थापनाका कार्यमा केही भए पनि योगदान पुगोस् भन्ने उद्देश्यले सहयोग गरिएको क्लबका अध्यक्ष श्रेष्ठले बताए। उनले मानवीय सेवाका अभियानमा रोटरी क्लब अफ दमकको सक्रियता आगामी दिनमा पनि निरन्तर रहने बताए।

### खाजाखर्च कटाएर विद्यार्थीको सहयोग

फिदिम/ पाँचथरको फिदिम माध्यमिक विद्यालयका विद्यार्थीहरूले खाजा खर्च कटाएर भोटेकोशी बाढी प्रभावितका लागि सहयोग गरेका छन्। आफ्नो खाजा खर्च तथा व्यक्तिगत बचतबाट रकम जुटाएर सहयोग गरेका हुन्। कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीले स्वेच्छिक रूपमा संकलन गरेको ५१ हजार ८ सय ४० रुपियाँ बिहीबार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको विद्यायका प्रधानाध्यापक लक्ष्मीप्रसाद भण्डारीले जानकारी दिए।

विपद्मा परेका नागरिकको पीडामा आफ्नो तर्फबाट पनि सहयोग गर्नुपर्छ भन्ने भावनाले विद्यार्थीले रकम संकलन गरेको बाल क्लवका अध्यक्ष कृष्णप्रसाद अधिकारीले जानकारी दिए।

विद्यार्थीले 'साना हात, विशाल मन, ठूलो सहायता(मानवीय समवेदना र सदाशयता' भन्ने सन्देशसहित सहयोग रकम संकलन गरेका थिए।

विद्यालयमा गठित जुनियर तथा युवा रेडक्रस सर्कल, बाल क्लब, स्काउट र आदर्श विद्यार्थी समूहको अगुवाइमा रकम संकलन गरिएको हो। सानै उमेरदेखि विपद्का बेला मानवीय सहयोग र सामाजिक उत्तरदायित्वको भावना विकास गराउने उद्देश्यले अभियान सञ्चालन गरिएको विद्यालयले जनाएको छ।

**दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान**
**ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !**



आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने,वाङ्गा, टिङ्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाकटर र आधुनिक मेसिनको सहयताले यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ।

**सेवामा आवद्ध डाक्टरहरु**

- डा. हेम राज गैरे
- डा. सि.पि. गैरे
- डा. राहुल गुप्ता
- डा. विवेक शिंह
- डा. टंक न्यौपाने
- डा. स्मारक दाहाल
- डा. मोलिका श्रेष्ठ
- डा. काश्मी श्रेष्ठ
- डा. सायारा ढकाल
- डा. अन्जली ठाकुर

**ॐ शान्ति डेन्टल हस्पिटल**
दमक–५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३–५७५९०६)

# सम्पादकीय

## कोशीमा विपद्को उच्च जोखिम

कोशी प्रदेश सरकारको मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजनाले प्रदेशभर बाढी, पहिरो र हिमताल विस्फोटबाट १ लाख ६३ हजार २ सय ८८ घर प्रत्यक्ष जोखिममा रहेको देखाएको छ । आन्तरिक मामिला तथा कानून मन्त्रालयद्वारा तयार पारिएको प्रतिवेदन अनुसार १४ वटै जिल्लाका १ लाख ४५ हजार ८ सय ६२ घरहरु उच्च जोखिममा छन् भने १७ हजार ३ सय ३७ घरहरुलाई तत्काल सुरक्षित स्थानमा सार्नुपर्ने टड्कारो अवस्था छ ।

प्रदेशमा विशेषगरी बाढी तथा डुबानका कारण १ लाख १० हजार ४ सय २१ घर प्रभावित हुने प्रक्षेपण गरिएको छ, जसमध्ये १५ हजार ६० घर तत्काल स्थानान्तरण गर्नुपर्ने हुन्छ। तराईका मोरङ, सुनसरी र झापा बाढीका दृष्टिकोणले सबैभन्दा बढी संवेदनशील देखिएका छन् भने अकेले सुनसरीमा मात्रै सर्वाधिक ६ हजार ८ सय १८ घरहरु सार्नुपर्ने अवस्था छ । त्यसैगरी, पहाडी तथा हिमाली क्षेत्रमा जाने पहिरोका कारण २३ हजार ८ सय ३१ घर जोखिममा रहेका छन् , जसमध्ये पाँचथर, संखुवासभा र सोलुखुम्बु उच्च जोखिमको सूचीमा छन् । हिमाली तथा नदी तटीय क्षेत्रमा हिमताल विस्फोटको जोखिम पनि उत्ति नै गम्भीर रहेको छ, जहाँ उदयपुर र सुनसरीमा हजारौं घरहरु प्रत्यक्ष खतरामा छन् ।

विगतका घटनाबाट पाठ सिकेर यस प्रकारका विपद्जन्य क्षतिलाई न्यूनीकरण गर्न गम्भीर बन्नुपर्ने आवश्यकता छ । गत २०८२ असोज १८ र १९ गतेको भीषण वर्षाका कारण इलाममा मात्रै ३९ जनाले ज्यान गुमाउनुका साथै सयौँ घरहरुमा क्षति पुगेको थियो। यस पृष्ठभूमिमा मनसुनबाट हुने सम्भावित मानवीय तथा भौतिक क्षति रोक्न स्थानीय तहदेखि नै प्रभावकारी कदम चाल्नुपर्ने देखिएको छ ।

यस सन्दर्भमा स्थानीय सरकारले विशेष सावधानी अपनाउनु अपरिहार्य छ । प्रतिवेदनले औंल्याएका १७ हजारभन्दा बढी अति जोखिमयुक्त घरपरिवारलाई मनसुन सुरू हुनुपूर्व वा बाढी तथा पहिरोको उच्च सम्भावना देखिनासाथ विद्यालय, सामुदायिक भवन वा सुरक्षित स्थानमा स्थानान्तरण गर्न स्थानीय तहले पूर्वतयारी स्वरुप अस्थायी आश्रयस्थल तथा होल्डिङ सेन्टरहरुको व्यवस्थापन गर्नुपर्छ । नदी तटीय क्षेत्र र पहिरोको उच्च जोखिम भएका वडा तथा बस्तीहरुमा स्थानीय भाषामा साइरन, हर्न वा एसएमएसमार्फत समयमै पूर्वसूचना दिने व्यवस्था मिलाउनुका साथै मौसम पूर्वानुमान महाशाखाको सूचनालाई गाउँपालिका तथा नगरपालिकामार्फत तल्लो तहसम्म पुर्याउने संयन्त्रलाई प्रभावकारी बनाउनु पर्छ ।

प्रत्येक स्थानीय तहले स्थानीय युवा, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्वयम्सेवकहरुलाई समेटेर आपत्कालीन उद्धार तथा प्रतिकार्य टोली गठन गर्नुका साथै उनीहरुलाई आवश्यक पर्ने लाइफ ज्याकेट, डोरी, स्ट्रेचर र जेनेरेटरजस्ता उद्धार सामग्रीसहित तयारी अवस्थामा राख्नुपर्छ । तराईका बाढी प्रभावित क्षेत्रमा नदी कटान रोक्न अस्थायी तटबन्ध र बालुवाका बोराको प्रबन्ध गर्ने तथा पहाडी क्षेत्रमा पहिरो जानसक्ने भिरालो जमिनमा पानी जम्न नदिने अल्पकालीन कार्यहरु अघि बढाउनुपर्छ ।

आपत्को समयमा बाटो अवरूद्ध हुँदा खाद्यान्न र औषधिको अभाव हुन नदिन जोखिमयुक्त पालिका र वडास्तरमा खाद्यान्न, पिउने पानी, जीवनजल लगायतका अत्यावश्यक औषधीहरुको जगेडा राख्नुपर्छ । नागरिकहरुलाई विपद्को बेला अपनाउनुपर्ने सावधानीबारे सचेत गराउनु र पूर्व तयारी अवस्थामा राखिनुपर्छ । विपद् आएपछि उद्धारमा जुट्नुभन्दा पूर्वतयारी र सतर्कता अपनाउनु नै बुद्धिमत्ता हो । तसर्थ, तीनै तहका सरकारबीचको बलियो समन्वय र स्थानीय तहको सक्रियताले मात्रै कोशी प्रदेशमा सम्भावित मानवीय क्षतिलाई न्यूनीकरण गर्न सहयोग पुग्नेछ ।

# सामाजिक सञ्जाल

## पार्टीको निर्णय नसच्चिए राजीनामा

◆ **श्रीराम न्यौपाने, सांसद**



सामाजिक सञ्जालमा बिपक्षीले गरेको अनावश्यक हल्लाकै भरमा पार्टीले अपमानजनक तरिकाले फिर्ता बोलाए पछि; भोटेकोसीमा आएको भीषण बाढीले प्रभावित त्रिशूली(३ ए जलविद्युत् आयोजनाको सुरुङभित्र फसेकाहरूको उद्धारमा खटिएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद एवं इन्जिनियर श्रीराम न्यौपानेले आफ्नो पार्टीलाई कडा दबाब दिएका छन् । सुरुङ भित्र फसेका हरूलाई उद्धार कार्यमा सक्रिय रहँदा आफ्नो आलोचना भएको र सामाजिक सञ्जालकै भरमा अपमानजनक तरिकाले पार्टीले उनलाई फिर्ता बोलाएपछि न्यौपानेले यदि पार्टीले उक्त निर्णय नसच्याए आफूले सांसद पदबाटै राजीनामा दिने घोषणा गरेका हुन् ।

सुरुङ निर्माणमा १३ वर्षको अनुभव र १५ किलोमिटर सुरुङ खन्ने कार्यको नेतृत्व गरिसकेका न्यौपानेले आफू सांसदको रूपमा भन्दा पनि एक विज्ञ इन्जिनियरको रूपमा मानवीय सेवामा खटिएको स्पष्ट पारेका छन् । पार्टीको निर्णयप्रति असन्तुष्टि जनाउँदै उनले भनेका छन्, "पार्टीले मलाई फिर्ता आउन भनेको कुरालाई यदि करेक्सन गरेन भने म सांसद पदबाट राजीनामा दिन्छु । म यहाँ राजनीति गर्न होइन, आफ्नो विज्ञता प्रयोग गरेर मानिसको ज्यान जोगाउन आएको हुँ ।"

आफूमाथि भएको आलोचना र हेलिकप्टर प्रयोगको विषयमा स्पष्टीकरण दिँदै न्यौपानेले थपे, "मैले सांसद भएर कुनै पनि पारिश्रमिक, तलब वा भत्ता लिएको छैन, सबै तनहुँको एक जनैच्छिक कोषमा जम्मा गरेको छु । यहाँको वस्तुस्थिति बुझ्न र उद्धारका लागि आउँदा मात्र हेलिकप्टर प्रयोग गर्नुपरेको हो । म फर्कँदा हेलिकप्टर चढ्दिनँ, बरु पैदलै हिँडेर काठमाडौँ जान्छु र राज्यले मागेमा हेलिकप्टरको खर्च समेत तिर्न तयार छु ।"

# लाखे नाच- सांस्कृतिक चर्चा



✍ **उत्तमप्रसाद भट्टराई**
uttam.dmk01@gmail.com@gmail.com

**लाखे नाच नेवार समुदायका संस्कृतिको एक अभिन्न अंग हो । यो नाच नाग पञ्चमीमा प्रारम्भ भएर कृष्ण जन्माष्टमीमा विर्शजन गरीने हुँदा यस पर्वको बिषेश महत्व पाइन्छ । नेवार एक सभ्यता हो । यसको आफ्नै छुट्टै बिशेसता पाइन्छन् । हिन्दु वर्ण ब्यवस्था अनुसार पाइने जातीय संरचना नेवार समुदायमा पाइन्छ ।**

भूगोलका आधारमा हाम्रो देश नेपाल सानो छ तर, जनसंख्या निकै ठुलो छ । यहाँको सानो भुगोल भएपनि भौगोलिक र प्राकृतिक रूपमा धेरै विविधता पाईन्छ । संस्कृतिका हिसावमा नेपाल समृद्ध छ । १४२ जातजातीले भरिएको देशमा धेरै प्रकारका सांस्कृतिक विविधता पाईन्छन् । १२४ भाषिक समुदायका फरक फरक संस्कृति पाइन्छन् । मात्र भाषाका रूपमा नेपाली भाषा मान्ने समुदायभित्रका विविध थर गोत्रका आफ्नै विशेषता, आफ्नै संस्कृति पाइन्छन् । यसरी परापूर्व कालदेखि चलेको नेपाल सांस्कृतिक रूपमा अति सम्पन्न छ । नाग पञ्चमीदेखि हाम्रा समाजमा बिबिध पर्व प्रारम्भ हुन्छन् र माघे क्रान्तिमा समापन हुन्छन् भन्ने मान्यता रहेको छ । यस प्रसंगमा नाग पञ्चमीमा प्रारम्भ भएर श्रीकृष्ण जन्मअष्टमीमा विर्शजन गरीने लाखे नाच र यस पर्वको महत्वका सम्बन्धमा सानो र छोटो विचार पस्किने जमर्को गर्दैछु ।

लाखे नाच काठमाण्डौ उपत्यकामा बसोबास गर्ने नेवार समुदायमा मनाइने एक सांस्कृतिक नाच हो । यो परापूर्व कालदेखी मनाईदै आएको हुँदा पर्वको रूपमा मान्यता पाएको हो । नाग पञ्चमीका दिन बिहान शुभसाइतमा एउटा मुकुट (मुखुण्डो) लाई भिमसेनका मन्दिरमा पुजा गरिन्छ । मुकुटलाई सिन्दुर आदी रंग लगाएर सिँगारिन्छ । भिमसेनका मन्दिर नभए देवीका मन्दिरमा पुजा बिधी गरिन्छ । मुकुट लगाउने एक व्यक्तिलाई तयार गरिन्छ । उसलाइ मुकुट पहिराइन्छ, उसलाइ टिका लगाइदीन्छन् । उपस्थित अन्य ब्यक्तीहरू टीका लगाउछन् । डरलाग्दो र ठुलो अनुहार, भयकंर ठुला आँखा, मुखदेखी बाहिर निस्किएका डरलाग्दा बंगारा/दाँत र लामा र बाक्लो कपाल भएको मुकुट (मखुण्डो) लगाएको व्यक्ति अगाडी अगाडी हिड्छन् । पछी पछी ढोल, डिमे लगायत परम्परागत बाजाको तालमा नाच्ने चलन रहेको छ । मुकुट (मखुण्डो) लगाउने व्यक्ति बाजाका तालमा नाँच्न जान्ने हुनुपर्दछ ।

लाखे नाँचका सम्बन्धमा विविध किम्वदन्तिहरु पाइन्छन् । एउटा पुरा कथा यस्तो छ । धेरै वर्ष पहिला कान्तिपुरका किसानलाई खेती गर्न अप्ठेरो परेको समयमा पाँच जना ज्यापु र गुरूज्युहरु तलेजु भवानीको शरणमा गए । देवी रहेको गुफाभित्र केही अप्ठेरा भेषधारी र प्रकृतिका स्वरूप एकअर्का बिच लडिरहेका थिए । गुरूज्युका विशेष शक्तिले सबै स्वरूप शान्त भए तर एक विशाल स्वरूप शान्त हुन सकेन । उ प्रवेशद्धारमा खडा भइरह्यो । तलेजु देवीले त्यसलाई शान्त हुन भनिन् र उनीहरूका सवै समस्या सुनिन । देवी, र त्यो डरलाग्दो स्वरूप उनिहरूसगै कान्तिपुर नगर गए । नगरवासीले देवीलाई सहरमित्र स्थापना गरे, पुजा आजा गरे, तर त्यो डरलाग्दो स्वरूप नगर बाहिर रहन बाध्य भयो । नगरको जनजिवन सामान्य हुँदै गयो । तर सहर बाहिर रहेको डरलाग्दो स्वरूप दिनहुँ रून थाल्यो । कान्तिपुरका राजाले त्यस स्वरूपसगँ गफ गरे । त्यसले विनम्र स्वरमा भन्यो उ सहर भित्र जनतासँग बस्न चाहन्छ र उसले कसैलाई हानि नगर्ने बताए । खानाका लागी उसले ला (मासु) र खे (अण्डा) मात्र खाने प्रस्ताव गरे । त्यस पछि उसले ला र खे पाउन थाले र कालान्तरमा उसको नाम खाने बस्तुका आधारमा लाखे रहन गएको पाइन्छ । पछि उसले कसैलाई हानी गरेन । त्यहाँ सुखशान्ती कायम भएको, र तलेजु देवीले उसलाइ नगरको संरक्षण गर्नु, कुमारी र खड्गको विशेष हेरचाह गर्नु भन्ने आज्ञा दिई उनी आफनो स्थानमा गइन् । कुमारी पुजा आठदिनसम्म मनाइन्छ, त्यससमयमा लाखे विशेष सक्रिय हुन्छ, भने अन्य समयमा शान्त भइ रहन्छ, त्यसकारण उसलाई शान्तभैरव पनि भनिन्छ । विशेषगरी इन्द्रजात्राका समयमा काठमाण्डौमा लाखे नाच प्रदर्शन गर्ने परम्परा रहेको पाइन्छ ।

अर्को किंवदन्ति अनुसार कुनै समयमा एक अलौकिक र अदृश्यशति वा पात्रले नेवार जातीका गाउँमा आएर दुख दिने, मानीसलाई तर्साउने गर्दथ्यो । त्यो अदृश्यशक्ति वा पात्रको बर्णन डरलाग्दो प्रकारको हुन्थ्यो । त्यस अलौकिक र दिब्य शक्तिसँग लड्न विभिन्न विधि तयार हुदै गर्दा त्यस्तै प्रकृतिको मुखुण्डो लगाएर नाचगान गर्दा गाउँमा सुखशान्ति कायम भएकोले लाखे नाचको प्रारम्भ भएको मानिन्छ ।

लाखे नाच नेवार समुदायका संस्कृतिको एक अभिन्न अंग हो । यो नाच नाग पञ्चमीमा प्रारम्भ भएर कृष्ण जन्माष्टमीमा विर्शजन गरीने हुँदा यस पर्वको बिषेश महत्व पाइन्छ । नेवार एक सभ्यता हो । यसको आफ्नै छुट्टै बिशेसता पाइन्छन् । हिन्दु वर्ण ब्यवस्था अनुसार पाइने जातीय संरचना नेवार समुदायमा पाइन्छ । नेवार एक संस्कृती मात्र हो भन्दा यो समुदायका सबै पक्ष नसमेटिने हुनसक्छ । तसर्थ, यो एक सभ्यता हो र यस अन्तर्गत अरू धेरै सस्कृति पाइन्छन् ।

लाखे नाँच वा पर्वले नाग पञ्चमी र कृष्ण जन्माष्टमीसँग प्रत्यक्ष र जिवन्त सम्बन्ध राखेको पाइन्छ । विर्सजन गरिएको दिनदेखि कुनै घरमा मत्यु भएमा आगामी बर्ष सम्पन्न लाखेनाचलाई त्यस घरमा आमन्त्रण गरिन्छ र घरका प्रत्येक कोठामा बाजागाजाका साथ लाखे नचाइन्छ । यस प्रचलनले मृतकका आत्माले शान्ति पाउने र घरमा पनि सुखशान्ति हुने बिश्वास छ । नेवार समुदायका घरमा सम्पन्न हुने लाखे नाचले सुखशान्ति हुने बिश्वास छ । घर घरमा प्रदर्सन पस्चात भेटी दक्षिणा दिने चलन छ । कृष्ण जन्मअष्टमीका दिन कृष्णजन्म भएपछी पर्व विर्सजन गर्ने गरीन्छ । विर्सजन गर्ने बिधी सरल पाइन्छ । सम्बन्धित ब्यक्तिले लगाएको मुकुट कृष्णमन्दिरमा उतारी दिन्छन् । सम्बन्धित संस्था केही दक्षिणा मन्दिरमा चढाएर मुकुट लिएर सुरक्षित स्थानमा राख्छन् ।

यो एक वहुमुल्य संस्कृति बन्न गएको पाइन्छ । सायद यहि परम्परा देश तथा विदेशमा रहने सबै नेवार जातीले मान्दै आएका छन् । भोजपुर, झापा, मोरङ्ग लगापत पूर्वका नेवार समुदायका ब्यक्ति यस पर्वलाइ उत्साहपुर्वक मनाउछन् । लोक मान्यता अनुसार लाखेले मानिसलाई हानी गर्ने, संहार गर्ने दुष्ट प्रवृतिका बिरूद्द जोगाउने गरेको संस्कार पाइन्छ । लाखेले गाउँ समुदायको रक्षा गर्छ । अस्तु ।।।

# पर्यटक पर्खिरहेको बडिमालिका क्षेत्र

कालीकोट र बाजुराको सीमामा रहेको बडिमालिका क्षेत्र धार्मिक तथा पर्यटकीय हिसाबले निकै महत्त्वपूर्ण क्षेत्र हो । बडिमालिका क्षेत्रसँग जोडिएको त्रिवेणी पाटन पनि पर्यटन क्षेत्रको दृष्टिले राम्रो सम्भावना रहेर पनि अहिलेसम्म यसको गुरुयोजना बन्न नसक्दा यी क्षेत्रहरूको विकाससँगै प्रतिफल लिन नसकिएको स्थानीय जनप्रतिनिधिहरूको भनाइ छ ।

बर्खायाममा हरियाली फाँटका दृश्यले भू(स्वर्ग झैँ लाग्ने त्रिवेणी पाटन हिउँदमा हिउँले ढाकिएर झनै मनै लोभ्याउने गरेको छ । कालीकोटको सान्नी त्रिवेणी गाउँपालिका(८ को मुम्रा लेकमा पर्ने त्रिवेणी पाटन पर्यटकीय सम्भावना बोकेको क्षेत्र हो । यो कालीकोट र बाजुरा जिल्लाको सिमानामा पर्ने बडिमालिका धार्मिक कारणले पनि चर्चामा छ । समुद्री सतहबाट ४ हजार २ सय १९ मिटर उचाइमा रहेको त्रिवेणी पाटन सौन्दर्यका दृष्टिले मात्रै नभई धार्मिक हिसाबले पनि महत्त्वपूर्ण मानिन्छ । नजिकै देखिने सुन्दर हिमाल, हिउँ टेक्न पाइने र मनोरम प्राकृतिक दृश्यहरू त्रिवेणी पाटनका विशेषताहरू हुन् ।

त्रिवेणी पाटन घुम्नलाई वैशाखदेखि असोजसम्मको समय उत्तम मानिन्छ । नजिकै रहेको बडिमालिका मन्दिरमा साउन जनैपूर्णिमाको अघिल्लो दिन मेला लाग्ने गर्छ । मेला भर्न नेपालका विभिन्न जिल्ला र भारतबाट पनि हजारौँ मानिस बडिमालिका पुग्ने गरेको सान्नी त्रिवेणी गाउँपालिका अध्यक्ष मोहनबहादुर केसीले बताए । त्रिवेणी पाटन आसपासमा रहेका २२ वटा पाटनमा सयौँ प्रजातिका फूल फुल्छन् । यो क्षेत्रका ३२ वटा पाटनमध्ये १२ वटा पाटन कालीकोट र २० वटा बाजुरामा पर्दछन् ।

त्रिवेणी पाटन क्षेत्रमा कस्तुरी, मृग, हिउँचितुवा, हिमालयन थार, हिमाली भालु, वन कुकुर, नायरलगायत वन्यजन्तु पाइन्छ । 'यो क्षेत्र प्राकृतिक हिसाबले मात्र सुन्दर नभएर यहाँ पाइने जङ्गली जनावर पनि आकर्षणका केन्द्रविन्दु पनि हो,' अछाम रामारोशन गाउँपालिका(५ का स्थानीय डम्बर रोकाया भन्छन् ।

कालीकोट, बाजुरा र अछामका स्थानीयवासीको अछाम रामारोशन ताल, कालीकोटको त्रिवेणी पाटन र बाजुराको बडिमालिका क्षेत्रलाई जोडेर पर्यटकीय गुरुयोजना बनाउनुपर्ने स्थानीयको माग छ । अछामको रामारोशन तालबाट एक दिनको दूरीमा त्रिवेणी पाटन र बडिमालिका पर्ने भएकाले विगतमा अछाम, बाजुरा र



कालीकोटका स्थानीय तहका जनप्रतिनिधि बसेर पर्यटकीय गुरुयोजनाका लागि केही छलफल भएको र त्यसले मूर्त रूप लिन नसकेको अछाम रामारोशन गाउँपालिकाका पूर्वअध्यक्ष झङ्कर साउदले बताए । 'विगतमा हामीले पर्यटकीय गुरुयोजना बनाउनका लागि यसको प्रचारप्रसार गर्नका लागि कालीकोट, अछाम र बाजुराका स्थानीय तहका जनप्रतिनिधि बसेर छलफल गरेका थियौँ', उनले भने, 'त्यसले खासै मूर्त रुप लिन सकेन । अहिले त्यसका लागि पहल गर्न आवश्यक रहेको छ ।'

बडिमालिका क्षेत्रको इलाका ठूलो छ । यसले बाजुराको क्षेत्रको बढी भू(भाग ओगटेको, यसले कालीकोट र अछाममा केही भाग पनि नजिकै पर्दछन् । कालीकोट र अछामका ती भागमा रामारोशन ताल र त्रिवेणी पाटन पनि पर्ने गरेका कारणले विगतमा यस क्षेत्रको पर्यटकीय विकासमा ध्यान दिन सकेमा आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्न सकिने व्यवसायीहरूको भनाइ छ ।

बडिमालिका, त्रिवेणी पाटन र रामारोशन क्षेत्र घना जङ्गल भएको क्षेत्र भएकाले यो क्षेत्रमा ४५ भन्दा बढी प्रजातिका दुर्लभ तथा बहुमूल्य जडीबुटी पाइने गरेको छ । पाँचऔंले, सुनपाती, चिराइतो, पाखनवेद, काउलो, चुत्रो, पावन काउलो रातो च्याउ, अल्लो, कटुकी, सुगन्धवाल, चिराइतो, कुरिलो, गुच्ची च्याउ, पदमचालजस्ता जडीबुटी पाउने क्षेत्र हो । विषजरा, मधुजडी, धुपजडी, वनलसुन, बायोजडी, निनाइजडी, भूतकेश जटामसीलगायत दर्जनौं प्रजातिका जडीबुटी अहिले लोप हुने अवस्थामा पुगेको कालीकोट सान्नी त्रिवेणी गाउँपालिका( ८ का दलबहादुर केसीले बताए ।

यस क्षेत्रमा ब्रह्मकमल, बुकी फूल, जाई, जुई चमेली, सुन जाई, इन्द्रकमल, सेतो गुराँस, चाँप, चिमालोलगायत एक सयभन्दा बढी प्रजातिका दुर्लभ फूलहरू पाइन्छन् । अहिले बर्खायाममा विभिन्न जिल्लाबाट चराउनका लागि ल्याइएका भेडा, च्याङ्ग्रा र घोडाहरू वैशाखदेखि असोजसम्म यहाँ छाडा रूपमा चराउने चलन छ । ठूलो सङ्ख्या भेडा, च्याङ्ग्रा र घोडाहरूले लामो समय चरिचरन गर्दा पनि यहाँको जैविकता लोप हुने अवस्थामा रहेको देखिन्छ ।

बडिमालिका क्षेत्र बाजुराको त्रिवेणी नगरपालिका, बडिमालिका नगरपालिका, बूढीनन्दा नगरपालिका, जगन्नाथ गाउँपालिकामा, कालीकोट जिल्लाको सान्नी त्रिवेणी गाउँपालिका र रास्कोट नगरपालिका पर्दछ । अछामको रामारोशन गाउँपालिकाको बीचमा पर्दछ । बडिमालिका धार्मिक तथा पर्यटकीय दुवै दृष्टिबाट चर्चित गन्तव्य, पाँच महिना हिउँ र चार महिना कुहिरोले ढाक्ने प्रकृतिको अनुपम उपहार हो । बडिमालिका क्षेत्रबाट सुदूरपश्चिम र कर्णाली प्रदेशका सबै जिल्लाको अवलोकन गर्न सकिन्छ ।

बडिमालिकामा पर्ने पाटन क्षेत्रको कुल क्षेत्रफल कति छ भन्ने कुराको आधिकारिक मापन नभएकाले यो क्षेत्रफल कति पर्छ भन्ने अहिलेसम्म पनि मापन नभएको कालीकोट रास्कोट नगरपालिकाका प्रमुख धर्मराज शाहीले बताए । 'यसको क्षेत्रफल कति भन्ने अहिलेसम्म मापन हुन सकेको छैन,' उनले भने, 'क्षेत्रफल मापनका लागि हामीले पहल गरिरहेका छौँ ।' कर्णाली र सुदूरपश्चिम प्रदेशले बडिमालिका आफ्नो क्षेत्रमा पर्ने भन्दै पर्यटन प्रवर्द्धनका लागि बर्सेनि ठूलो रकम लगानी गरेर विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएका छन् ।

बाजुरा जिल्लामा रहेको धार्मिक आस्थाको केन्द्र बडिमालिका धार्मिक तथा प्राकृतिक पर्यटनका दृष्टिबाट प्रचुर सम्भावना छ । धार्मिक आस्थाको केन्द्र बडिमालिकामा प्रत्येक वर्ष जनैपूर्णिमाका दिन विशेष पूजा हुने गर्दछ । त्यस दिन सबै तीर्थालुहरू बडिमालिकाको चुचुरोमा पुगिसकेका हुन्छन् ।

वर्षको दुईपटक गङ्गा दशहरा र जनैपूर्णिमाको अघिल्लो दिन साउने चतुदर्शीका दिन भव्य मेला लाग्ने गरेको छ । गङ्गा दशहराभन्दा साउने चुतदर्शीका दिन दर्शनार्थीको घुइँचो बढी हुने गरेको कालीकोट नरहरिनाथ गाउँपालिकाका( १ का कटकबहादुर विष्टले बताए । मालिका देवीको स्वागतका लागि बाजुरालगायत कालीकोट, डोटी, हुम्ला र जुम्ला जिल्लाबाट सयुक्त टाँगो (पूजापाठमा आवश्यक पर्ने सामग्री) सहितको टोली आउने गरेको छ । बडिमालिका दर्शनका लागि तत्कालीन शाह राजाको दरबारबाट पनि पूजाआजाको सामग्री पुग्ने गरेको छ ।

त्रिवेणी पाटनमा हिउँमा खेलिने स्की खेलका लागि उपयुक्त क्षेत्रका रूपमा रहेको छ । नेपालमा कमै खेलिने स्की खेलका लागि कालीकोटको रास्कोट नगरपालिकाको छेत्तडी र सान्नी त्रिवेणी गाउँपालिकाको त्रिवेणी पाटन स्की खेलका लागि उपयुक्त क्षेत्रका रुपमा रहेको छ । कर्णालीलाई साहसिक खेल पर्यटनको गन्तव्यका रूपमा विकास र स्की खेलाडी उत्पादन गर्ने उद्देश्यले स्कीसम्बन्धी गत फागुन २८ देखि चैत ४ गतेसम्म स्की खेलको तालिमको आयोजना भएको थियो ।

स्कीसम्बन्धी आधारभूत तालिमले कर्णालीको साहसिक खेल पर्यटनमा टेवा पुग्ने पर्यटन व्यवसायी तथा कर्णाली पर्यटन उद्यमी समाजका अध्यक्ष देवीकृष्ण रोकायाले बताए । 'कर्णालीका प्रायः सबै ठाउँमा स्की खेलका लागि उपयुक्त क्षेत्र नै रहेका छन्', उनले भने, 'त्यसका लागि सबैभन्दा उपयुक्त ठाउँ बडिमालिका क्षेत्रभित्र पर्ने कालीकोटको रास्कोटमा पर्ने छेत्तडी र सान्नी त्रिवेणीको त्रिवेणी पाटन उपयुक्त रहेका छन् ।'

कर्णालीको साहसिक पर्यटनका क्षेत्रमा स्की खेल पनि एउटा रहेको र स्की खेलका लागि आफूहरूले पहिलोपटक रास्कोट छेत्तडीमा स्की खेलको तालिम सञ्चालन गरेको स्की सङ्घ कर्णाली प्रदेशका सचिव सह(सचिव मनराज सिम्खडाले बताए । दक्ष खेलाडी उत्पादन गरी राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा खेलको विकास गर्दै पर्यटनसँग जोड्न सहयोग पुग्ने उनको भनाइ छ । रासस

# लागुऔषध दुर्व्यसनविरुद्ध विद्यार्थीलक्षित सचेतना




धनकुटा / जिल्ला प्रशासन कार्यालय धनकुटाले विद्यार्थीलाई लागुऔषध दुर्व्यसन, रोकथाम तथा नियन्त्रणसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरेको छ। धनकुटा नगरपालिका-१०, उत्तरपानीस्थित उत्तरपानी बहुप्राविधिक शिक्षालयमा विद्यालय, क्याम्पस तथा युवा क्लब लक्षित कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय धनकुटाका अधिकारीहरूले विद्यार्थीलाई लागुऔषधको प्रयोगबाट हुने हानी, यसको सामाजिक तथा स्वास्थ्य असर र दुर्व्यसनबाट बच्ने उपायबारे जानकारी गराएका थिए ।

धनकुटामा पछिल्लो समय लागुऔषधको सेवन तथा ओसारपसार बढ्दै गएको भन्दै विद्यार्थी तथा युवालाई कुलतबाट जोगाउन सचेतना कार्यक्रम सञ्चालन गरिएको प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले बताए ।

खुला सीमा तथा अन्य कारणले लागुऔषधको प्रयोग र बिक्री-वितरणको जोखिम बढेकाले रोकथामका लागि चेतनामूलक अभियान सञ्चालन गरिएको उनको भनाइ छ ।

दुर्व्यसनका बारेमा विद्यार्थी तथा समुदायलाई सचेत गराउन आवश्यक देखिएपछि समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत अभियान सञ्चालन गरिएको प्रमुख जिल्ला अधिकारी शर्माले बताए ।

जिल्ला प्रहरी कार्यालय धनकुटाका प्रहरी प्रमुख नारायण रंजितकारले जोखिममा रहेका क्षेत्रका विद्यालय तथा शिक्षण संस्थामा पुगेर विद्यार्थीलाई लागुऔषधबाट हुने हानि र त्यसका असरबारे जानकारी गराएका थिए ।

कार्यक्रममा प्रहरी प्रमुख रंजितकारले विद्यार्थी तथा युवालाई लागुऔषधको कुलतबाट टाढा रहन आग्रह गर्दै कसैले लागुऔषध प्रयोग वा ओसारपसार गरेको जानकारी पाए तत्काल प्रहरीलाई खबर गर्न अनुरोध गरे ।

समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत सञ्चालित प्रशिक्षणमा उत्तरपानी बहुप्राविधिक शिक्षालयमा अध्ययनरत ७० जनाभन्दा बढी विद्यार्थीको सहभागिता रहेको थियो ।

## स्वास्थ्य

# गम्भीर रोगको लक्षण हुन सक्छ बान्ता

◆ डा. आशिष सत्याल

दैनिक जीवनमा वाकवाकी लाग्ने वा बान्ता हुने समस्या हामीमध्ये धेरैले भोगेका हुन्छौँ । कहिलेकाहीँ खानपानमा गडबडी हुँदा, यात्रा गर्दा तथा गर्भावस्थाको समयमा बान्ता हुनुलाई सामान्य मानिन्छ, तर सबै प्रकारका बान्ता सामान्य हुँदैनन् ।

कतिपय अवस्थामा बान्ता गम्भीर रोगको प्रारम्भिक लक्षण हुन सक्छन् । बारम्बार बान्ता भइरह्यो, रगत देखियो, आलस्यपन महसुस भयो, श्वासप्रश्वासमा समस्या आयो भने गम्भीर रूपमा लिनुपर्छ र तत्काल अस्पताल लगिहाल्नुपर्छ ।

बालबालिकामा भने बान्ता आउनु सामान्य मानिँदैन । यदि बच्चाले लगातार बान्ता गरिहन्छ भने पेटबाट आन्द्रामा जाने बाटोको मासु फुलेर 'पाइलोरिक स्टेनोसिस'जस्तो जटिल समस्या आउन सक्छ । बान्ताबाट निस्किएको तरल पदार्थ श्वास नलीमा पस्यो भने श्वासप्रश्वासमा अवरोध पुग्न सक्छ । बान्ता भइरहे बच्चाहरुमा जलवियोजन ( डिहाइड्रेसन) हुन सक्छ । वृद्धवृद्धामा भने लामो समयसम्म बान्ता भइरहेमा पाचन प्रणालीभित्र कतै ट्युमर पलाएको या क्यान्सर भएको त छैन भनेर आशङ्का गर्नुपर्ने हुन्छ ।

लगातार बान्ताले शरीरमा गम्भीर असर निम्त्याउँछ । बान्ता गर्दा खाना नली र मुखमा जोड्ने भागमा घाउ वा अल्सर हुन सक्छ । यसैगरी शरीरको आवश्यक पानी र खनिज पदार्थ बाहिरिने भएकाले डिहाइड्रेसन या जलवियोजन हुन सक्छ, विशेषगरी बालबालिकामा । मुख सुक्खा हुने, छालाको लचिलोपन हराउने, छटपटाउने र मष्तिस्कमा अक्सिजनको कमी भई झुम्मिएर बेहोस हुन खोज्नु डिहाइड्रेसनका मुख्य लक्षण हुन् । यस्तो अवस्थामा बिरामीलाई तत्काल अस्पताल पुऱ्याएर स्लाइन चढाउनुको विकल्प हुँदैन ।

लामो दुरीको यात्रा गर्दा, विशेषगरी घुमाउरो बाटोमा बस वा कारको पछाडि सिटमा बस्दा धेरैलाई बान्ता हुने गर्छ, जसलाई 'मोसन सिकनेस' भनिन्छ । कानको भित्री भागमा तीन वटा सिलिन्डरजस्ता संरचना हुन्छन्, जुन इन्डोलिम्फ नामक तरल पदार्थले भरिएको हुन्छ । यसको मुख्य काम शरीर र टाउकोलाई गुरुत्वाकर्षणको तुलनामा सन्तुलनमा राख्नु हो । जब गाडी घुमाउरो बाटोमा कुद्छ, कानको तरल पदार्थ तीव्र रूपमा यताउता सर्छ, जसले गर्दा मष्तिस्कले शरीर कुन अवस्थामा छ भनेर ठम्याउन सक्दैन र भ्रम पैदा भइ बान्ता हुन्छ । यसैलाई मोसन सिकनेस भनिन्छ । धेरैले यात्रा गर्नुअघि आफैँ फार्मेसीबाट औषधि किनेर खाने गर्छन्, जसलाई ओभर द काउन्टर (ओटीसी) औषधि भनिन्छ, जसका लागि चिकित्सकको प्रेसक्रिप्सनविना नै किन्न सकिन्छ, तर निश्चित नियममा रहेर प्रयोग गर्न सकिन्छ ।






## कविता

# 'रसुवा र म रमिते'



◆ डण्डिराज घिमिरे

प्रिय रसुवा
हिउँको सेतो शीतल
शान्त तिम्रो सिरानी नै
एकाएक कहालीलाग्दो
बाढी-सुनामी-ज्वालामुखीको
नरभक्षी रूप धारण गर्दै
विपत्तिको चिता बनेर
तिम्रो अस्मिता लुटेको
टुलुटुलु हेर्न विवश
फेसबुके टिकटके
फगत म रमिते।

तिम्रो छाती चिरिँदा
कोख रित्तिँदा
निर्मम बज्रपात हुँदा
निमेषभरमै उजाडिदा
नियतिको निर्दयता
टुलुटुलु हेर्न विवश
फेसबुके टिकटके
फगत म रमिते।

हजारौं रोदन, क्रन्दन
ऐया-आत्था, चीत्कार
आलाप-विलाप
सुनेर पनि निरुत्तर
नि:शब्द, नतमस्तक
जिउँदो लासझैँ
टुलुटुलु हेर्न विवश
फेसबुके टिकटके
फगत म रमिते।

माफ गर रसुवा !
सञ्जालका भित्तामा
तिम्रा सन्ततिको
निर्मम शव-गणनाका
दु:खद हेडलाइनमा
भावविहीन फिक्का
श्रद्धाञ्जली शब्द टाँसेर
कर्तव्य पूरा गरेको ठान्ने
फेसबुके टिकटके
फगत म रमिते।

मानवीय संवेदना हराएका
यान्त्रिक भ्यूज-मोहमा फसेका
लासका डङ्गुरमाथिका
विपत्ति, आपत्ति, चीत्कारमा पनि
आरोप-प्रत्यारोप, दाउपेच
राजनीतिक दुर्गन्ध फैलिएका
स्क्रिनका भ्रामक फोहोर लुरुलुरु पढ्ने
शेयर र कमेन्ट गर्ने लाचार
फेसबुके टिकटके
फगत म रमिते।


कारुणिक चीत्कारमा पनि
आफ्नो लाइक र फलोअर्स गन्ने
समानुभूतिविहीन फोस्रा
सहानुभूतिका कथित शब्द कोरेर
स्क्रोल गर्दै
कुरूप दुनियाँमा हराउने
आफ्नै संवेदनाको मलामी
फेसबुके टिकटके
फगत म रमिते।

रसुवा लज्जित छु
माफ गर ल !
ध्वस्त स्तब्ध गाउँ शहर
सुनसान एकोहोरो सन्नाटा
सुन्दर सपनाहरूको
मलामी बिहिन अन्त्येष्टि
केवल अक्षरमा सिमित समय
फिक्का सतही श्रद्धाञ्जली
तिनै बिभत्स्व तस्वीर र भिडियो खोस्रीदै
मोनिटाइजेसनको कुलतमा
डलरे आम्दानीले
तल देखि माथिसम्मले
पिडामा नुनचुक छर्किदै
हामी भने भाइरल बन्न निर्लज्ज
फेसबुके टिकटके
फगत रमिते।
फेसबुके टिकटके
फगत रमिते।

गौरादह

## विश्व प्रसिद्ध व्यक्ति/व्यक्तित्व

# बर्ट्रेण्ड रसेल



◆ सुमित्रा सिंह

**ब्रिटेनः विश्वविख्यात दार्शनिक**
**जन्म : सन् १८७२ मृत्युः सन् १९७०**

यिनको जन्म १८ मे १८७२ ट्रेलेक (मानमाथशायर) इंग्ल्यान्डमा लेडी केट स्टेनलीको कोखबाट एक धनी परिवारमा भएको थियो। रसेलपरिवार इङ्ल्याण्डको राजनीतिमा सधै मौलिक विचार राख्ने परिवार भनेर चिनिन्थ्यो। यिनले चार पटक विवाह गरे । पहिलो, १८९४ मा एलीस पियरसेलसँग, दोस्रो, १९२१ मा डोरा ब्लेक, तेस्रो, १९३६ मा पेट्रिशिया विनिफ्रेडी हेलेन स्पेन्ससँग र चौथो, १९५२ मा एडिथ फिन्चसँग गरेका थिए। आफ्नो जीवनको लगभग १०० वर्षमा उनले अनेक किसिमका विश्वासहरु, सिद्धान्तहरु र मतहरूको प्रतिपादन बडो अद्‌भुत ढंगले गरे ।

बर्ट्रेण्ड रसेलले आफ्नो शिक्षापछि क्याम्ब्रिजमा गणितको अध्यापन-कार्य प्रारम्भ गरे । प्रथम विश्व युद्धको समयमा ब्रिटेनले त्यस युद्धमा भाग लिँदा उनले निन्दा गरे तथा मित्र राष्ट्रहरूलाई यस्तो नगर्न भने। युद्ध-विरोधी यस प्रचारको कारणले उनलाई ट्रिनिटी कलेजको सदस्यताबाट मुक्त गरियो । युद्धपछि उनी रूस गए र कार्ल मार्क्सका सिद्धान्तहरूलाई त्यहाँ लागू देखेर निकै प्रभावित भए र त्यसको समर्थक बने। उनका अनेक विचारहरु यति धेरै विलक्षण हुन्थे, जसले गर्दा उनले अनेक पटक कटु आलोचनाहरूको सामना गर्नु पर्दथ्यो ।

यी सबै कुराहरूको बावजुद उनले निकै विद्वत्तापूर्ण अनेक ग्रन्थहरूको निर्माण गरे, जसमा हिस्ट्री अफ वेस्टर्न फिलोसफी', 'ह्यूमन नलेज', 'इट्स स्कोप एण्ड लिमिट' तथा 'द एनालिसिस अफ मेटर आदि प्रसिद्ध छन् । उनले ४० भन्दा बढी ग्रन्थहरूको रचना गरे। उनका प्रमुख कृतिहरु- १) गणित सिद्धान्तको भूमिका, २) चीनको समस्या, ३) सामाजिक पुनर्संरचनाको सिद्धान्त, ४) विवाह र नैतिक चरित्र, ५) पाश्चात्य दर्शनको इतिहास, ६) नैतिकता राजनीतिमा मानव समाज, ७) स्मृतिचित्र (आत्मकथा), ८) औद्योगिक सभ्यताका सम्भावना आदि हुन् । १९४९ मा उनलाई 'अर्डर अफ मेरिट तथा १९५० मा नोबेल पुरस्कारले सम्मानित गरियो । यसको लागि उनले ब्रिटिश प्रधानमन्त्रीको निवास-स्थान १० डाउनिङ्ग स्ट्रीटको सामुन्ने धर्ना दिए, जसले गर्दा उनलाई गिरफ्तार गरियो । रसेलको सन् फेब्रुअरी १९७०, पेरहिन्डेन ड्रेथ (मेरिओनेथ), वेल्समा ९८ वर्षको उमेरमा मृत्यु भयो । यी अभूतपूर्व दार्शनिकको देहान्तपछि बौद्धिक जगतमा भीषण शून्यता छायो ।

+++

## मनोरञ्जन

# "मालती मंगले"को शोबाट संकलित रकम बाढी पिडितलाई




दमक/ रसुवा बाढीबाट प्रभावितको सहयोगका लागि अमेरिकामा आयोजित फिल्म 'मालती मंगले'को च्यारिटी शोबाट सङ्कलित रकम प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा जम्मा गरिएको छ ।

शोमार्फत संकलन भएको २ हजार ३१ अमेरिकी डलर ( नेपाली रुपैयाँ ३ लाख ६ हजार ९ सय) बाढीपहिरो पीडितहरूको सहयोगार्थ प्रधानमन्त्री राहत कोषमा जम्मा गरिएको फिल्मका निर्माता तथा गायक रामकृष्ण ढकालले जानकारी दिए ।

गायक ढकालका अनुसार अमेरिकाको भर्जिनियामा पूर्वनिर्धारित रहेको 'मालती मंगले'को विशेष शोलाई नेपालको विषम परिस्थितिलाई ध्यानमा राख्दै च्यारिटी शोमा रूपान्तरण गरिएको थियो । च्यारिटी शोको आयोजना भर्जिनियास्थित 'चौतारी'ले गरेको थियो ।

'मालती मंगले' गायक ढकालले निर्माण गरेको फिल्म हो । केही अगाडि स्वदेशमा प्रदर्शनमा आएको फिल्ममा विजय बराल र वर्षा राउतको मुख्य भूमिका छ । फिल्मलाई प्रकु पाण्डेले निर्देशन गरेका हुन् ।

## दैनिक राशिफल

आज मिति
२०८३ साल
भदौ २१ गते
आइतबार
6 Sept. 2026
तिथि: दशमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड,
सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | भाइबैनीको प्रगति । कार्यमा सफल । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | माताजनमा सामान्य कष्ट खर्च बढ्ने । |
| तुला | रा री रु रे रो ता ती तु ते | तिर्थयात्राको समय । परोपकारमा मन लाग्ने । |
| मकर | भो जा जी खि खू खे खो गा गी | मावलीको सहयोग । किराना पसलबाट लाभ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | आफन्तसँग विवाद । अनावश्यक खर्च । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | व्यवसायबाट लाभ । काका दाजुबाट सहयोग । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | हड्डी, नशा सम्बन्धी समस्या । सामान्य खर्च । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | शत्रुको भय । खर्च बढ्ने । |
| मिथुन | का कि कु घ ङ छ के को हा | सामान्य लाभ । विद्यामा रुचि । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | बुबाको सहयोग । कारोबारमा सफलता । |
| धनु | य यो भा भी भ धा फा ढ भे | सामान्य लाभ । जीवनसाथीको सहयोग । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | घरायसी समस्या । पढाईमा बाधा । |

# श्रीकृष्ण रथयात्रा दमकका झलकहरू




























**दमकमा...** मौलिक संस्कृति, कला र परम्परा झल्काउने झाँकी तथा सांस्कृतिक भगवानप्रतिको भक्ति दर्शाउने प्रस्तुति विशेष आकर्षण बनेका थिए । नेवारी समुदायको लाखे नाच, सन्थाल समुदायको नाच, लिम्बू समुदायको च्याब्रुङ नाच, सशस्त्र प्रहरीको ब्याण्ड बाजासहित विभिन्न सांस्कृतिक झाँकी प्रस्तुत गरिएको थियो । नेवारी समुदायबाट ठूलो संख्यामा उपस्थित मात्र थिएनन् उनीहरुको आकर्षण छुट्टै देखिन्थ्यो ।

विभिन्न समुदायले आफ्ना मौलिक संस्कृति र पहिचान झल्काउने प्रस्तुति दिँदा रथयात्रा धार्मिक कार्यक्रमसँगै विविधतायुक्त सांस्कृतिक उत्सवमा परिणत भएको थियो ।

रथयात्रामा सहभागी भक्तजनको सेवाका लागि विभिन्न संघसंस्थाको पहलमा ठाउँ(ठाउँमा पानी, सर्वत, फ्रुटी, चिसो पेय पदार्थ तथा फलफूल वितरण गरिएको थियो । स्वयंसेवकहरूले भक्तजनले प्रयोग गरेका पानीका बोतल, फ्रुटी तथा अन्य सामग्रीबाट उत्पन्न फोहोरसमेत संकलन गरेका थिए ।

स्वास्थ्य तथा सुरक्षालाई समेत प्राथमिकतामा राख्दै आकस्मिक अवस्थाका लागि एम्बुलेन्स तयारी अवस्थामा राखिएको थियो भने विभिन्न स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको समेत सहयोग लिइएको आयोजकले बताइरहेका थिए ।

रथयात्रा दिउँसो ठीक २ बजे राधाकृष्ण मन्दिरबाट विधिपूर्वक सुरु गरिएको थियो । नगर प्रहरीको सलामी तथा आरतीपछि रथयात्रा अघि बढाइएको थियो । ब्रह्माकुमारी राजयोग सेवा केन्द्र प्रभाव दमकका पाँच कन्यालाई अगाडि लगाइएको थियो । राधाकृष्ण मन्दिरबाट सुरु भएको यात्रा हनुमान मन्दिर, जेसीज चोक, देवकोटा चोक, पशुपति मन्दिर, शंखधर चोक, भृकुटी चोक, रातो पुल, भानुभक्त चोक हुँदै फागुनन्द चोकतर्फ मोडिएको थियो । त्यसपछि दमक नगरपालिका, बेलडाँगी रोड हुँदै पुनः राधाकृष्ण मन्दिरमा पुगेर रथयात्रा विसर्जन गरिएको थियो ।

रथयात्राको मार्गमा पर्ने विभिन्न मुख्य चोक तथा स्थानमा स्थानीयवासीले घरबाटै घडा राखेर स्वागत गरेका थिए । ठाउँ(ठाउँमा आरती तथा प्रार्थनाका कार्यक्रमसमेत आयोजना गरिएको थियो ।

रथयात्रालाई व्यवस्थित र सुरक्षित बनाउन सुरक्षा तथा ट्राफिक व्यवस्थापनमा विशेष ध्यान दिइएको थियो । सुरक्षाका लागि सशस्त्र प्रहरी बल पाथीभरा ३८ नम्बर गण, इलाका प्रहरी कार्यालय दमक र दमक नगर प्रहरीसँग समन्वय गरिएको थियो ।

ट्राफिक व्यवस्थापनको जिम्मेवारी ट्राफिक प्रहरी कार्यालय, जीवनचक्र समाज र दमक नगर प्रहरीलाई दिइएको थियो । यसका साथै दमक युथ क्लब, लायन्स क्लब, जेसीज, रोटरी क्लब, लियोलगायत विभिन्न संघसंस्थाका स्वयंसेवक परिचालन गरिएको थियो ।

युवा तथा विभिन्न संघसंस्थाका स्वयंसेवकहरू रथ तान्नेदेखि भक्तजनको व्यवस्थापन, सेवा, सरसफाइ तथा अन्य जिम्मेवारीमा परिचालित भएका थिए । नगरपरिक्रमा पूरा गरेपछि राधाकृष्ण मन्दिर परिसरमा पुगेर रथयात्रा औपचारिक रूपमा समापन गरिएको थियो ।

# गौरीगञ्जमा म्याराथुन दौड सम्पन्न

गौरीगंज⁄ लागु औषध दुर्व्यसनी नियन्त्रण गर्ने उदेश्यले ठेकीटोला युवा समूह गौरीगंजले आयोजना गरेको म्याराथुन दौड शनिबार सम्पन्न भएको छ ।

म्यारथुन दौड सबै बिधामा एकैसाथ संचलन गरिएपनि नतिजा फरक बिधामा छुट्याइएको थियो । दौडमा खुल्ला तर्फ पुरुष तथा महिला, भेट्रानका बिधाहरु समेटिएको थियो ।

स्थानीय स्तरमा रहेका धावकहरु मध्ये उत्कृष्ट एक जानलाई छनौट गरिएको थियो । गौरीगंज (३ स्थित ठेकीटोला बाट सुरु गरिएको दौड मोरङको सिमना रतुवा खोला पुलमा पुगेर पुन ठेकीटोला चौक सम्म जम्मा १६ किलोमिटर दौडिएका थिए ।

म्याराथुन दौडका लागि भारतको सिक्किम, कालेम्पुङ, जार्जेलिङ, हिमान्चल, मिरिक, तथा नेपालको काठमाडौं, कैलाली, लगायत विभिन्न जिल्लाबाट सहभागी भएका थिए ।

दौडमा नेपाली सेना, शस्त्र प्रहरी, नेपाल प्रहरीका प्रतिनिधि सहित दौडमा २ सय ७५ जनाको सहभागीता रहेको थियो । म्याराथुन दौडमा सबैभन्दा कम उमेरका ११ बर्षिया लेटाङ मोरङका सुमित लिम्बु र मोरङका १३ बर्षिया अतिस सरदारले दौड पूरा गरेका थिए । दौडमा पुरुष तर्फ गोर्खाका गणेश सिंह प्रथम, तेर्थुमका सरोज लिम्बू दोस्रो र ताप्लेजुङका अमिर लिम्बु तेस्रो भएका छन् ।

## मौसमी हाँस्य - व्यंग्य

# यो देशका धेरैको हविगत यी यस्तो-यस्तो पनि छ, कठै !

-: व्यंग्यनारान पाँडे :-

"देशलाई एत्रो सोक-सङतप्तले घेरिराखेको ट्यान्सिनले कति दिनदेखुन् रातभरि आँखा झिपिक्क नगरी कतिखेर निदाइन्छ कोनि, एकैचोटि बिम्जिँदा मत्तै था हुने चिन्ताले चापेका बेला म पर्ति अल्कति पनि सानुभति नराखी उल्टै बल्ढ्याँङरे आँखा फुकालेर हेर्णी र दस्थोक बक्बास गर्णे ? तेइ हो तेल्ले पँडित पास गरेको बेबार ? तेस्सिमा भ्याँक्ने ! तेस्का म ?... म नि म ? तेस्-तेस्-तेस् चइँ हर्रामी हरिरामेलाई फेरि एकान्तमा भेटुँ मत्तै न, इन्नै मेरा बाउबली हातले थला पर्णेगरी नगोदी के छाड्छु होला त !... तेस्का आँखा फुकालेर सटकछाप केट्केटीहेरूलाई गुच्चा खेल्न नदिई त के छोड्थें ! तेस्का बत्तीस दाँतमद्दे छओडा चइँ किराले थोत्रा पारेको छ भन्दै हामेरू दोडाको गटबन्दन भ'को मिल्तीको ट्याममा मुख अम्लाले च्याती-च्याती देखाउँथ्यो पढ्के ! रै भा नि, ती बाएक वाद-बाँकी एक कोरी छओडा दाँत त छन् नि । ती टोट्टले झारेर कौडा नखेली छोड्छु ? तेस्का कपाल भुत्ल्या'र उखेल्दाका भुत्लाले मेरो घरका पसुपन्छीमध्ये अब वाद-बाँकी एउटी बाछी छे, तेल्लाई बाटामा खुट्ने डोरी नबाटी छोडे त म एउडै बाऊको साखै छोरै हुँदै होइन, लु जा साला ! ...हन, उस्तरी ढाडे बिरालाले डु'रे मुसो पक्डे जैसोगरी तो भेटेको बाढीले देस र जन्तालाई अभ्भर पारेर चिथोरिराख्यामा उध्धार-रेस्कु गर्णुपर्णे यो ट्याममा म जैसो देसले खोजिराख्या एबुल र मज्गुत पर्सणालिटिकलाई दारु दोगानको भीडका बीचाँ हेप्नी ? तेस्सिमा टोक्ने, तेल्ले मात्तै दारु खान्छ ? तो आफू टुइँक्क भइसक्याभन्दा अलिक अबेला पुगेर मैले बल्ल मत्तै टुइँक्याउन इस्टाट गर्दागर्दै पो मसित ह्यानसेख गर्ला झइँ आँट गर्णे तो प्यारप्यारे चइँ को हो हँ, मसित कम्पारिजान गर्णे ?"...

पाँडेको आँगनतिर छिर्ने गेट बाहिर वरपर गर्दै टोलै थर्काएर ऐंसेलु झाँगेले यसरी एक्कासी भोटेकोशीको बाढी झैं आएर आज खप्नु-खानु गरेन । त्यसलाई कराउन वा खेद्न जानु हो भने आफैमाथि खनिने लक्षण प्रस्ट थियो र पाँडेले केही नबोली हेर्नु परेको त थियो नै ! र, त्यो केहीबेर त्यतिकै स्वर उरालेर फत्फतायो अनि धर्खराउँदै आँगनतिर छिरेर पनि बाटोतिर फर्केर औंला ठड्याउँदै र धारे हात लाउदै एकछिन् थप करायो- "आफ्णो घराँ येल्पी ग्याँस फिनिक्सेर एक छाक मत्तैका दर्ले भात-तिउन्, यो बर्खाभिजेका चिसा दाउराको आगोमा, पकाको अस्ति जनेउ पुर्णेको दिनदेखुन् ! तो ग्याँसको मुँगी बढेर खपिसक्नु भा पो सेलिन्डर नयाँ भर्णु ?... लु हेर त ट्यान्सिन् ! भोटेकोसीको बाटो पक्रेर पसेको माहाँ बाढीमा परेको छेत्रको एरिआका जिउँदा जन्ता भेट्न र सानुभुति पोख्न जान पनि तेस्सिमा भ्याँक्ने किस्ने भीरको पैराले छेको, तेल्ले सटक नभत्काको भा पुगिन्थ्यो नि निरीच्छिनमा स्याङ्गसँगले र बाढीले लेराइदिया तीन्चाडा ग्याँस सेलिन्डर लेरा'र छे-आट मैनालाई कान न्यानो हुन्थ्यो । तो पनि किस्ने भीरले डिस्टक गरिगो ! लु हेर्णु त भुरणहत्ते !... अनि एस्ता ट्याममा तो रौसी मोरो रिल्यासको ओखति मानेर एक ए'डेढ मानु मात्तै तानिराख्या ट्याममा तो हरिरामेले फुल डोच भ'र मसित ब्राबरी जैसो बिहेप गर्णे ? तिमेरू यो टोलावासी इ पाँडे लगाएतले नियाँको फासला गर्णुपर्छ कि पर्दैण हँ ? कि तिमेरू सप्पैहेरू भीम-कटिङ भयौ हँ लए सङरौलाले टिबीमा हँस्याउली गर्दा भन्या जैसो ?"...

यस्तै अरू जे मनमा आयो त्यही भन्दै त्यो पाँडेनेर बल्ल आइपुग्यो र उस्तै निउँ खोजाइको भाकामा भन्यो -"कि तपइँ पनि उइ ड्याङका मुला होउ र मेरो पुरानो कम्रेटी ब्याग्राहुन् बिश्रेर तो हरिरामेले ठिक्क पारेछ भन्नै पच्छेमा छौ कि ?...

पाँडेले अघिदेखि पोख्ने मौका नपाएर गानिएको हाँसो ह्वात्तै पोख्यो र त्यही हाँसोसँग मुछ्तै सोध्यो -"हन के गरिबिराए ती हरिराम पुरेत बाजेले र तिमी यतिबिधि रिसायौ हँ ? तिमेरू त मिलेर एकीकृत पो भएका थियौ त ? कि स्वार्थमा जुट्ने र सो पूरा भएपछि फुट्ने नेता भनाउँदाहरूको रोग...."

उसले ठाढै कोपर्ला झैं गर्दै चर्केर भन्यो -" अन्तखेरी रास्टमा एत्रो बाढी-पर्कोप र माहापर्लए भइरख्या छ र तीन कडोर नेपालीमद्दे मलाई सब्से ज्यादा भाउन्न भइराख्या बेलाँ मतिर फर्क्रेर आँखा ठुला पार्दै किच्च दाँत देखाउने र कैले हातका इस्यारा ऊ बसिराख्या ब्रेन्चीमा बोलाउन तेल्लाई कल्ले लायो ? म तेसकै जैसो निचो स्टान्डरको व्यात्तित्तो हुँ त ?"

पाँडेले के भन्न आँट्तैथ्यो उसैले खुइइइअ सुस्केरा हाल्यो र थप भन्यो -" उ हेर न, हामेरको पाटीले तो बज्या भोटेकोसीमा भको बाढीको नाच-निर्त्य जात्राले थाङथिलो पारेको गाम, बजार, पाठसल, हस्पिटालको अबस्ता स्याँङ्गसँगले किलिन् पार्ण उत्रो एक कडोर बीस लाक रुप्पे बटुलेर हामेरकै कम्रेटहरका हातहाताँ पुगाउने क्या गम्तिलो निर्लए गरेको चानसमा किस्ने भीरले भिलेन खेलेन त गाढे-च्यानेले ? अन्नेथा मलाई तपइँले याँनिर देख्ने सउभाग्गे पाउँथेउ के त ! म एस ट्याममा तेइ भोटेकोसीको तान्डउ निर्ते खेला भाठामलाई हेल्लिकाप्टर चढेर, उइले हामेरका बा मउसुपले जाझरकोटमा भूइँकम्पले रुआबासी खेलाका जन्ताको रमित हेरेकै भाकामा, रामरमाइलो हेर्दै हुन्थें । तेससि पनि तेसभन्दा माथि-माथि सुरच्छित पाहाडका गाम-गामका कम्रेटहर्का घ-घराँ पुगेको हुन्थें र 'माथि'-कै डाइरेसन अन्सार उनेरका जाहान-परिबारको जनसङ्ख बढाउँदै लिस्टी उतार्दै, राहातको नाममा उनेरका 'भाग' थमाउँदै र तेस्बड उभारेको 'भाग'-भोगको अर्थम्याटिक मिलाइराख्न कति बिज्जी हुन्थें कति यस्बेला । फेरि एस्तो मौका-चानसको एति हेन्सम दैबसन्जोक कैले होला र नि ? तर, बज्या किस्ने भीरले बस चल्ने सटक बिगारिगो । हाबाजाज चढेर तेता जान हिन्दा पनि हुन्थ्यो नि हुन त , तर मलाई हाबाजाजमा हिन्दा रिँगटा लागेर बमी हुने रोग छ क्या ! ठ्याक्कै पाइलै सार्ण सक्तिन साला ! र, म एस्तो खल्लो औडामा परेर कैलु बेहारीको 'अथि' पाइने फ्यामोस रेसुरेन हुटेलमा 'जाँगर-पानी' खान पुग्दा त तो हरिराम पैल्यैदेखुन् कुखाका गोडा र टाउकाको भुटन कोपर्दै दुश्रो हो कि तिश्रो बदल घुट्क्याउँदै झुँइक्क रछ । तेल्ले मलाई देख्नासात के-के भनो के-के , मैले सुनेर पनि सुनिन - लु जा ! तर, तेल्ले त- "हओ साथी, तिमी त लासबड सुनका ग'नापात लुछ्न भोटीकोसीतिर ग'नछौ त हओ ! तिमेरका खुजुरे कम्रेट केटाहेरू त माल्लामालमा छन् अरे त तेस ट्याउटिसले पीडितको उद्दार गरेर ? आफ्नु रा'नइतिक धरम-करम छाड्यौ कि क्या हो ?"-सम्मन् पनि पो भनो त साला चिर्बिरेले ! र, यो मउसुमभरि नउठेको रीस आज उठेको हो र उठी मै राख्या छ । म तेस्-तेस्-तेस् हरिरामे पढ्केलाई...? पख मात्तै न ए'दुई दिन, तेल्लाई एक्लै मत्तै भेटम् न !"...भन्दै फेरि दाह्रा किट्यो त्यसले र जिब्रोलाई दाँतले कोर्दै अँगनभतिर प्याचप्याच-पुचपुच र थाथा-थुःथुः गर्न थाल्यो ।....

ऐंसेलु झाँगेको यस्तो अवस्था देखेर पाँडेको टाउको फनननन घुम्यो र जुरुक्क उठेर कोठातिर पस्तै भित्रबाट छिट्कनी मारेर पछाडिको ढोकाबाट पल्लो टोलतिर आफै पो भाग्यो ! ला त्त !...

यस्तो छ देशबासीको औसत अवस्था, कठै !!....

**********

ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

गंगा ट्राभल्स एण्ड टुर्स

हाम्रा सेवाहरु:
- राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
- भारतका लागि रेल, बसको टिकट
- बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
- टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा

Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available

Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air

बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,

बागडोगरा

गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०